कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिङकी, सुनसरी
कोशी प्रदेश, नेपाल

# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

प.स.०८१/८२
११

मिति २०८१/०५/१७ गते

विषय : आ.ब. ०८१/०८२ का लागि कार्यालयबाट हुने खरिद कार्यमा सहभागी हुन सूचिकृत हुने सम्वन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०८१ भाद्र १७ गते)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम सार्वजनिक निकायबाट हुने खरिद सम्वन्धी कार्यको लागि सम्वन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यावसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवाप्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था भए अनुसार यस कार्यालयबाट आ.ब. ०८१/८२ मा हुने विभिन्न खरिद सम्वन्धी काम कारवाहीमा संलग्न हुन इच्छुक योग्य फर्म, गै.स.स., संघ/संस्था वा व्यक्तिहरुलाई यस कार्यालयको वेव साईट www.koshimun.gov.np तथा यस कार्यालयबाट उपलब्ध आवेदन फाराममा आफूले सूचीकृत हुन चाहेको समूह समेत स्पष्ट रुपमा खोली यो सूचना प्रकाशन भएका मितिले १५ दिनभित्र देहायका शर्तहरुका अधिनमा रही यस कार्यालयमा आवेदन गर्नुहुन सूचित गरिएको छ ।

१. आवेदन साथ निम्नानुसारका कागजातका प्रतिलिपिहरु एक/एकप्रति संलग्न गरेको हुनुपर्नेछ :-
   क. आफ्नो फर्म दर्ता वा सम्वन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नवीकरण भएको इजाजतपत्र,
   ख. मूल्यअभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
   ग. प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने अघिल्लो आर्थिक वर्ष (आ.ब. २०८०/०८१ सम्मको कर चुक्ता गरेको प्रमाण (कर विवरण बुझाइ चुक्ता प्रमाणपत्र लिन बाँकी भए सम्वन्धित कर कार्यालयमा कर विवरण पेश भएको प्रमाण)
   घ. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
   ङ. नेपाल वाहिर दर्ता भएको संघ संस्था वा विदेशी नागरिकको हकमा नेपालभित्र कारोवार गर्न पाएको स्वीकृति वा इजाजतपत्र ।
   च. सूचिकृत हुन चाहेको समूहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण ।

२. आवेदनमा कुनै सार्वजनिक निकायसँग सम्झौता भएबमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी कर, दस्तुर तथा दायीत्व बाँकी नभएको एवं प्रचलित कानुन बमोजिम त्यस्तो काम गर्न प्रतिबन्ध नलागेको वा कालो सूचीमा नपरेको भनी घोषणा आवेदकले गरेको हुनुपर्नेछ ।

३. यस बमोजिम सूचिकृत हुँदैमा कुनै फर्म, संघ/संस्था वा व्यक्ति कुनै सार्वजनिकनिकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पूरा नगरी खरिद सम्बन्धी कारवाहीमा सहभागीहुन सक्नेछैन । मौजुदा सूचीमा सूचीकृत भएकाहरु मध्ये कार्यालयले आफ्नो अनुकुल हुने गरी खरिद कार्यमा सहभागी गराउन सक्ने छ ।

४. सूचिकृत भएको फर्म, संघ/संस्था वा व्यक्तिले यस कार्यालयको खरिद सम्बन्धी कार्यमा संलग्न भएमा प्रचलित कानून बमोजिम कर बिजक जारी गर्नुपर्नेछ ।

५. सूचिकृत भएको कुनै फर्म, संघ/संस्था वा व्यक्तिले प्रचलित कानुन बमोजिम कुनै निकायमा सम्झौता गरी लिएको कुनै काम समयमैं सम्पन्न नगरेको वा सही रुपमा नगरेको वा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर तथा अन्य दायित्व नबुझाएको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएमा जुनसुकै बखत सूचीबाट हटाउन सक्नेछ ।

६. यस सूचनामा नपरेका अन्य कुराहरुका हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम हुनेछ ।

२०८१।५।१६

दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत

खरिद सम्बन्धी काम कारवाहीका लागि सूचिकृत हुनुपर्ने समूहहरु

| समूह | सूचिकृत गर्नुपर्ने कार्यहरु | संक्षिप्त व्याख्या |
|---|---|---|
| १ | **खरिद तथा आपूर्ति तर्फ** | |
| क | स्टेशनरी तथा मसलन्द सामानहरु | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर, फाइल, कलम, पेन्सिल, स्टिच जस्ता स्टेशनरी तथा मसलन्द सामानहरु आपूर्ति गर्ने सम्वन्धी कार्यहरु । |
| ख | छपाइ सम्बन्धी कार्यहरु | लेटर प्याड, रजिष्टर, विभिन्न फारामहरु, प्रतिवेदन तथा पुस्तक, पत्रपत्रिका तथा बुलेटिन,बुकलेटहरु, क्यालेण्डर जस्ता प्रेस सम्बन्धी कार्यहरु। |
| ग | पत्रपत्रिका तथा पुस्तक सम्वन्धी | प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरु खरिद तथा एजेन्सी लिई विक्री वितरण गर्ने सम्वन्धी कार्यहरु । |
| घ | फर्निचर तथा फिक्चर्स सम्वन्धी | काठ, स्टिल तथा प्लास्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपूर्ति गर्ने सम्वन्धी कार्यहरु । |
| ङ | इलेक्ट्रोनिक्स उपकरणहरु | टेलिफोन, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशीन, फ्याक्स मेशीन, युपिएस जस्ता मेशिनेरी उपकरणहरु । |
| च | सवारी साधन तथा सो का पार्ट्स पूर्जा | मोटरसाइकल, तथा गाडीका साइकल तथा गाडीका टायर, ट्युव तथा अन्य पार्ट्स पूर्जाहरु आपूर्ति तथा फिटिङ्ग सम्वन्धी कार्यहरु । |
| छ | मेशीनरी तथा उपकरणहरु | इलेक्ट्रोनिक्स समूहमा नपरेका अन्य उपकरणहरु, सर्भे औजारहरु लगायत विभिन्न मेशीनरी उपकरणहरु र तिनका पार्ट्सहरु । |
| ज | विज्ञापन, सूचना प्रकाशन तथा प्रशारण | रेडियो, टेलिभिजन तथा पत्रपत्रिका वा अन्य माध्यमवाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रशारण गर्ने गराउने सम्वन्धी कार्यहरु । |
| झ | विद्युतीय सामानहरु | हिटर, पंखा, तार, स्वीच, बिजुलीका बल्व, ट्युवलाईट तथा विद्युतीकरणका लागि आवश्यक अन्य सामग्रीहरु । |
| ञ | कम्प्युटर तथा सूचना प्रविधि सफ्टवेयर | कार्यालय सञ्चालन तथा सूचना तथा तथ्यांक भण्डारण, विश्लेषण तथा प्रतिवेदन जस्ता कार्य गर्न निर्मित कम्प्युटर सफ्टवेयर, प्रोग्रामहरुको आपूर्ति सम्वन्धी कार्यहरु। |
| ट | इन्टरनेट तथा सञ्चार सेवा | सिधै वा अन्य कम्पनीको मध्यस्थ भई प्रदान गर्ने इन्टरनेट सेवा, नोटिस बोर्ड सेवा वा टेलिफोन र सो सम्वद्ध सेवाहरु । |
| ठ | इन्धन तथा अन्य इन्धन आपूर्ति सम्वन्धी | ग्याँस, पेट्रोल, डिजल, मट्टितेल, लुब्रिकेन्ट्स, दाउरा, कोइला, इन्भरटर, ब्याट्री, सोलार उपकरण आदि । |
| ड | मर्मत सम्भार सेवाहरु | सवारी साधन, विभिन्न मेशीनरी तथा उपकरणहरुको मर्मत सम्बन्धी कार्यहरु । |
| ढ | नेटवर्किङ सम्बन्धी कार्यहरु | कम्प्युटर नेटवर्किङ्ग (LAN, WAN),सम्बन्धी कार्य र सो मा प्रयोग हुने साधन वा सेवाहरु। |
| २ | **परामर्श तथा अन्य सेवा** | |

दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत

कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तौकरी, सुनसरी
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| क | भवन को नक्सा डिजाइन गर्ने कार्यहरु | भवन ऐन २०५५ को दफा ११ को उपदफा ३ को क,ख,ग मा व्यवस्था भए बमोजम तोककएको व्यक्ती र संघ सस्थाहरु बाट सोही ऐनको दफा ८ को क,ख,ग,घ मा भएको चार बर्गका भवनहरु design, Estimate, गर्नुपर्नेछ । |
| ख | अध्ययन, अनुसन्धान तथा अन्य परामर्श सम्वन्धी कार्यहरु | विभिन्न विषयमा हुने इन्जिनियरिङ्ग सर्भेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयारी सम्वन्धी कार्यहरु । |
| ग | सूचना प्रविधि साधनको आवधिक मर्मत तथा मेन्टिनेन्स सम्वन्धी कार्यहरु | हार्डवेयर सर्भिसिङ्ग, मेन्टिनेन्स, सफटवेयर कस्टोमाइजेशन, टोनर रिफिलिङ्ग आदि सम्वन्धी कार्याहरु । |
| घ | सफटवेयर निर्माण | विभिन्न प्रकारका सफटवेयर, एप्लिकेशन तथा वेभसाइट निर्माण सम्वन्धी कार्यहरु । |
| ङ | कुरियर सर्भिस | चिठीपत्र तथा स-साना पार्सल आदान प्रदान सम्वन्धी कार्यहरु । |
| च | डकुमेन्ट्री तथा वृत्तचित्र निर्माण | सार्वजनिक निकायको काम कारवाही झल्कने गरी निर्माण हुने श्रव्य तथा श्रव्य दृष्य सामाग्री, रेडियो पत्रिका, टेलिफिल्म, बृत्तचित्र आदि निर्माण गर्ने कार्य । |
| छ | कार्यक्रम व्यवस्थापन | विभिन्न प्रकारका तालिम, गोष्ठि, सेमिनार, अन्तरक्रिया, छलफल तथा बैठकको सञ्चालन तथा व्यवस्थापनमा सहयोग सम्बन्धी कार्यहरु |
| ज | हवाई तथा अन्य यातायात (ट्राभल एजेन्सी) | हवाई टिकट बुकिङ्ग तथा जारी गर्ने तथा अन्य यातायातका सवारी साधनहरुको सेवा उपलब्ध गराउनेएजेन्सी सम्वन्धी कार्यहरु । |
| झ | तथ्यांक प्रविष्टि | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागि सार्वजनिक निकायको प्रणालीमा |
| ञ | अद्यावधिक गर्ने कार्यहरु | तथ्यांक प्रविष्टि गरी अद्यावधिक गर्ने प्रकारका कार्यहरु । |
| ट | कार्यालय सुरक्षा तथा सरसफाई सम्वन्धी कार्यहरु | कार्यालय/सचिवालयलाई सुरक्षा चेक जाँचमा सहयोग गर्ने सुरक्षा गार्ड, दैनिक सरसफाईमा सहयोग गर्ने परिचर, बगैचा तथा करेसाबारी गोडमेल गर्ने माली, सेप्टि टेंकी सफाइ जस्तासंस्थागत रुपमा उपलब्ध गराउने सम्वन्धी सेवाहरु । |
| ठ | लेखा परीक्षण सेवा | कार्यालयको लेखा परीक्षण सम्वन्धी सम्पूर्ण कार्यहरु । |
| **३** | **गैर सरकारी संस्थाबाट प्रवाह हुने सेवा** | |
| क | जन चेतना अभिवृद्धि सम्वन्धी कार्यक्रम | नागरिक सचेतनाका लागि आयोजना गरिने चेतनामूलक कार्यक्रम, सडक नाटक, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण जस्ता कार्यहरु । |
| ख | अभिमुखिकरण, सबलीकरण,मूल प्रवाहिकरण जस्ता कार्यहरु | शाक्षरता कक्षा, महिला, पिछडिएका वर्ग, जनजाती तथा समुदायको सशक्तिकरणएव मूल प्रवाहीकरणको लागि सञ्चालन हुने भेला, प्रशिक्षण, गोष्ठि, तालिम आदि कार्यहरु । |
| ग | वन तथा वातावरण संरक्षण, प्रबर्द्धन जस्ता कार्यक्रम | वृक्षारोपण, विरुवा उत्पादन, वन जंगल तथा वन्यजन्तुको संरक्षण, डढेलो नियन्त्रण, हरित विकास योजना कार्यान्वयन जस्ता कार्यक्रमहरु । |

२०७९।८।१६
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सुनसरी
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| घ | जनसहभागिता प्रवर्द्धन गरी स्थानीय स्तरमा हुने निर्माण सम्बन्धी कार्यक्रमहरु | जनसहभागिता परिचालन गरी निर्माण हुने साना सिंचाई, तटबन्ध, ग्रामीण सडक निर्माण, सामुदायिक भवन निर्माण जस्ता स्थानीय स्तरमा हुने निर्माण कार्यक्रमहरु । |
| ४ | निर्माण व्यवसाय | |
| क | सार्वजनिक निर्माण/मर्मत सम्बन्धी कामहरु | भवन, सडक, सिंचाइ, तटबन्ध, खानेपानी योजना जस्ता नयाँ संरचनाहरु निर्माण र निर्माणकै हैसियतमा मर्मत सम्भार गर्नुपर्ने सम्बन्धी कार्यहरु । |
| ख | नर्सरी निर्माण तथा विरुवा उत्पादन र आपूर्ति | काँडेतार, पोलिथिन व्याग, बिउ, औजार, माटो तथा मल आदि र उत्पादित विरुवा आपूर्ति सम्बन्धी कार्यहरु । |
| ५ | अन्य | |
| क | अन्य सामाग्री तथा सेवा | माथिका समूह तथा उपसमूहमा नपरेका र खरिद गर्नुअघि सूचीकृत गर्नुपर्ने प्रकारका कृषि जन्य सामग्री(मल, विउ, औषधी, धान, मकै गहुँको विउ आदी) र अन्य वस्तु, सामाग्री वा सेवाहरु । यस समूहमा सूचिकृत हुने वा गराउने निकायले सम्बन्धित सेवाको स्पेसिफिकेशन खुलाई सूचिकृत हुनको लागि पेश गर्नुपर्नेछ । |

२०८१।१२।१६

दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत